परिच्छेद ११

# क्रिया-प्रतिक्रिया

मानव अधिकारको क्षेत्रमा खोज, अध्ययन, अनुसन्धान तथा सो सम्बन्धमा तथ्याङ्कसमेत समावेश गरी इन्सेकद्वारा प्रत्येक वर्ष मानव अधिकार वर्ष पुस्तक प्रकाशित गर्दै आएको पाइन्छ। मानव अधिकारका विषयमा इच्छुक व्यक्तिहरूले यस पुस्तकबाट धेरै जानकारी प्राप्त गर्न सक्छन्। यसका अलावा यसले मानव अधिकारको संरक्षण, संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनमा टेवा पुर्‍याउने अपेक्षा गरिएको छ।

**टेकनाथ गौतम**
न्यायाधीश, जिल्ला अदालत, सङ्खुवासभा

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ ले देशको समग्र मानव अधिकारको अवस्था बताउँछ। प्रदेशगत र जिल्लागत तथ्याङ्कसहितको विवरण एवम् विश्लेषणबाट मानव अधिकारको रक्षाका लागि आगामी समयमा अवलम्बन गर्नुपर्ने नीति निर्माण गर्न सघाउ पुर्‍याउँछ। यस पुस्तकमा सङ्खुवासभा जिल्लाको मानव अधिकारको अवस्था सम्बन्धमा पनि उल्लेख एवम् विश्लेषण गरिएकाले जिल्लाको मानव अधिकारको अवस्था सम्बन्धमा जानकारी हुनुका साथै सुधार गर्नुपर्ने पक्ष पनि अवगत हुने हुँदा महत्वपूर्ण प्रकाशन हुन पुगेको छ।

**शिवकुमार कार्की**
प्रमुख जिल्ला अधिकारी, सङ्खुवासभा

कुनै पनि देशको विकासको स्तर सो देशमा रहेको जनताले उपभोग गर्ने मानव अधिकारबाट पुष्टि हुन्छ। यस पुस्तकले नेपालमा मानव अधिकारको वर्तमान अवस्थाको बारेमा छर्लङ्ग पारी मानव अधिकार संरक्षण र संवर्द्धनका लागि महत्वपूर्ण भूमिका खेलेको छ। मानव अधिकार संरक्षणको लागि राज्यको भूमिकालाई सशक्त बनाउन यस पुस्तकले महत्वपूर्ण कार्य गरेको छ।

**हेमन्त भण्डारी क्षेत्री**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, पाँचथर




वर्ष पुस्तकमार्फत् मानव अधिकार उल्लघङ्नका वर्षभरिका घटनाका जानकारी हुनुका साथै केवल दस्तावेजीकरणमात्र नभई आगामी दिनका यस्ता घटना न्यूनीकरणका लागि सन्दर्भ सामग्री समेत बन्ने छ। वर्षभरिका घटना लीपिवद्ध गरेर वर्षौं पछिसम्म पनि तथ्यहरू पाउन सजिलो हुनेछ। लुकाइएका वा लुकाउन खोजिएका, दबाइएका, अपमान गरिएका सन्दर्भलाई उजागर गर्नका लागि इन्सेकले अझ बढी मेहनत गर्नु पर्नेछ।

**गिरिराज बास्कोटा**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, पाँचथर

हामी सबैले मानव अधिकार रक्षाको लागि निरन्तर लागि रहनु पर्छ। विशेष गरी पहुँच नभएका र पछाडि परेका/पारिएका वर्गको आवाज बन्नको लागि इन्सेक तथा मानव अधिकारकर्मीहरूलाई मेरो आग्रह छ। साथै प्रशासन सधैंभरि मानव अधिकारको रक्षा र कानुनी शासनको प्रत्याभूतिको लागि क्रियाशील छ। प्रशासनले गरेका कतिपय अनुसन्धानलाई मानव

अधिकार उल्लङ्घन नभई कानुनी शासन प्रत्याभूति दिलाउन खोजिएको उल्लेख गर्न आग्रह गर्दछु।

**पुण्यविक्रम पौडेल**
प्रमुख जिल्ला अधिकारी, धनकुटा

मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको यथार्थ अवस्था उजागर गर्ने एक दस्तावेज हो। आम नागरिकलाई मानव अधिकार उल्लङ्घनका घटनाप्रति सजग गराउन यसले मद्दत गरेको छ। समाजमा कायमै रहेको जातीय छुवाछूतको विरूद्धमा अलि कम उजागर भएको हो कि भन्ने लागेको छ। छुवाछूतविरूद्ध आवाज अझै बढाउनु पर्ने देखिएको छ। किनकि पुस्तकले नेपालको अवस्था बोल्छ र नेपालको मानव अधिकारलाई चित्रण गर्दछ।

**कोपिला शङ्कर**
अध्यक्ष, दलित एकता समाज, धनकुटा

मानव अधिकार वर्ष पुस्तकको नियमित प्रकाशनले रूपमै मानव अधिकारको क्षेत्रमा एउटा आयाम स्थापित गरेको मैले पाएको छु। मानवीय आचरणको केन्द्रबिन्दु मानसिक स्रोत हो, त्यसपछि मात्र कार्यान्वयन हुन जान्छ। मानसिक स्रोत अनुसारकै कर्म हुने हुँदा पुस्तक प्रकाशनले नैतिक रूपमै मानव अधिकार उल्लङ्घन गर्नेहरूमै चेतना जगाइ मानव अधिकारको क्षेत्रमा चेतनशील समाज निर्माणमा समेत सहायक बिन्दु भएको मैले पाएको छु।

**नगेन्द्र राई**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ,
धनकुटा

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू समेटेर प्रकाश गरिने वर्ष पुस्तकले मानव अधिकार संरक्षणमा ठूलो योगदान तथा सकारात्मक प्रभाव पारेको छ। इन्सेकले आफ्नो पुरानो विरासत जगाउँदै ग्रामीण क्षेत्रमा पुगि घटना सङ्कलन गरी बाहिर ल्याउन आवश्यक छ।

**विक्रम लिम्बू**
सहायक प्रमुख जिल्ला अधिकारी,तेह्रथुम

वर्ष पुस्तकले महिला बालबालिकाको क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको छ। मानव अधिकार सम्पूर्ण मानव जातिको नैसर्गिक अधिकार हो भन्ने कुराको महसुस दिलाएको छ। इन्सेकले सङ्घीताको मर्म र भावना अनुरूप काम गदै आएको छ। सत्यतथ्य घटनाहरूको विवरण, तथ्याङ्क सङ्कलन गरी अभिलेखीकरण गर्ने इन्सेकको कार्य प्रशंसनीय छ।

**तारा खरेल ढकाल**
उपाध्यक्ष, छथर गाउँपालिका, तेह्रथुम

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनाको अभिलेखीकरण मात्रै नभएर नागरिकको आधारभूत मानव अधिकारलाई प्रत्याभूत गर्न राज्यलाई घचघच्याउने काम गर्दै आएको छ। सामाजिक सञ्जाल र अन्य माध्यमबाट आफूलाई अभिव्यक्त गरिरहेका सन्दर्भमा मानव अधिकार हननका घटनामा पनि बढोत्तरी भइरहेको छ।

**लाक्पा जी शेर्पा**
अध्यक्ष नेपाल पत्रकार महासङ्घ,
ओखलढुङ्गा

मानव अधिकारजस्तो संवेदनशील विषयमा यसको सम्मान, संरक्षण र प्रभावकारी कार्यान्वयनका लागि इन्सेकले पुर्‍याएको योगदान अतुलनीय छ। महिला तथा बालबालिकामाथि हुने सबैखाले हिंसा न्यूनीकरणका लागि इन्सेक थप क्रियाशील हुन आवश्यक छ।

**दीपकबहादुर केसी**
डिएसपी, जिल्ला प्रहरी कार्यालय,
ओखलढुङ्गा

वर्षभरिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतिका घटना सङ्कलन गरी वर्षपुस्तक प्रकाशन गरिनुले मानव अधिकार संरक्षणमा योगदान पुग्छ। मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्दन गर्न सबै पक्षहरू संवेदनशील भएमा मानव अधिकारको रक्षाको निमित्त टेवा पुग्ने कुरामा विश्वस्त हुन सकिन्छ।

**विनोदप्रसाद घिमिरे**
स्रेस्तेदार, जिल्ला अदालत ओखलढुङ्गा

मानव अधिकारको क्षेत्र व्यापक रूपमा विस्तार भएको छ। मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्धन गर्नु राज्यको कर्तव्य पनि हो। इन्सेकले लामो समयदेखि मानव अधिकार अभियानमा महत्वपूर्ण भूमिका खेलेको छ। नेपालको मानव अधिकार आन्दोलनमा इन्सेकको भूमिका प्रभावकारी छ।

**विष्णुप्रसाद पाण्डेय**
रजिष्ट्रार, उच्च अदालत, विराटनगर
अस्थायी इजलास ओखलढुङ्गा

इन्सेकले मानव अधिकार उल्लङ्घन तथा हननको सन्दर्भमा खोजमूलक अनुसन्धान गरी घटनाहरू उजागर गर्दै आएको छ। छुवाछूत, गर्भ

संरक्षणविरूद्धको अपराध, प्राकृतिक स्रोतको दोहनजस्ता मानव अधिकारका बहुक्षेत्रमा अब इन्सेकको ध्यान जान जरूरी छ।

**चेतराज बराल**
प्रमुख जिल्ला अधिकारी, ओखलढुङ्गा

नेपालमा बाल अधिकार अझै सम्बोधन हुन सकेको छैन। देशमा रहेका बाल सुधारगृहको अवस्था हेर्दा राज्यले बाल अधिकार रक्षाका लागि धेरै लगानी गर्नुपर्ने छर्लङ्ग देखिन्छ। देशभरका बाल सुधारगृहको अवस्था कहालीलाग्दो छ। यो विषयमा इन्सेकले वर्ष पुस्तकमार्फत मुद्दा उठान गर्न आवश्यक छ।

**मिलन चौहान**
प्रमुख बाल सुधारगृह, विराटनगर

इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले देशभरिका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई सङ्कलन र प्रकाशन गरी मानव अधिकारको संरक्षण र संवर्द्धनमा महत्वपूर्ण भुमिका खेलेको छ। यसले मानव अधिकारको क्षेत्रमा अनुसन्धान गर्नेहरूका लागि महत्वपूर्ण स्रोतको रूपमा काम गरेको छ।

**तारानाथ पराजुली**
अध्यक्ष जिल्ला अदालत बार एशोसिएन,
इलाम

वर्ष पुस्तकले मानव अधिकार संरक्षणका लागि सचेतना अपनाउन सुझाउने गरेको पाइन्छ। राजनीतिक व्यवस्था परिवर्तनसँगै फेरिएका अधिकार उल्लङ्घनका घटनामा सुक्ष्म अध्ययन अझै बढाउनु पर्ने आवश्यकता देखिएको छ। समाजमा अधिकार उल्लङ्घनका घटनाको स्वरूप परिवर्तन भएको छ। यसतर्फ पनि ध्यान पुग्न सके थप प्रभावकारी हुने थियो।

**विप्लव भट्टराई**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, इलाम

शिक्षा र चेतनाको हिसाबले जिल्ला अगाडि छ। तर, जिल्लामा मानव अधिकारका घटनाको प्रकृति हेर्दा सामाजिक बहिष्कार, जातीय भेदभावजस्ता घटना हुनु दुखद् हो। सबैको सकारात्मक प्रयासले न्यूनीकरणका कार्य गर्न हातेमालो गर्न जरुरी छ।

मानव अधिकार संरक्षण, संवर्द्धन र सचेतना अभिवृद्धिका लागि इन्सेकले विगतदेखि निरन्तर रूपले पुऱ्याउँदै आएको योगदान अत्यन्त सराहानीय र उदाहरणीय छ। समाजमा भएका मानव अधिकार विरुद्धका घटनाहरूको सत्य तथ्यको खोजसहितको अभिलेखिकरणले एउटा आधिकारिक दस्तावेजको स्थान लिन सफल भएको छ। जसले देशको मानव अधिकार, कानुनी शासन, सार्वजनिक जवाफदेहिता र सुशासनको अवस्थालाई जनसमक्ष ल्याउने गर्दछ। जसबाट सम्बद्ध पदाधिकारीलाई जवाफदेही बनाउँदै सार्वजनिक सेवा प्रवाहमा गुणस्तरीय बनाउन जिम्मेवार पनि बनाएको छ।

**हेमन्त रावल**
प्रमुख, न्यायाधीश, जिल्ला अदालत,सप्तरी

इन्सेकले प्रत्येक वर्ष मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरी नेपालमा मानव अधिकारको अवस्था बारे चित्रण गर्ने गरेको छ। यस पुस्तकले सम्बन्धित पक्षहरूलाई थप सूचना दिनुका साथै थप जिम्मेवार बनाउनेछ भन्ने मेरो विश्वास रहेको छ। वर्ष पुस्तकको निरन्तरताको कामना गर्दछु।

**गजुसिद्धि बज्राचार्य**
एसपी, जिल्ला प्रहरी कार्यालय, सप्तरी

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको चित्रण गरी नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन हुँदै आएको छ। वर्ष पुस्तकले मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि सरकार तथा गैरसरकारी निकायलाई महत्वपूर्ण सूचना तथा सुझाव प्रदान गर्ने गरेको छ।

**गोकुलबहादुर निरौला**
जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल
कार्यालय, सप्तरी

मानव अधिकारको संरक्षण र संवर्द्धन तथा सामाजिक न्यायको क्षेत्रमा विगत लामो समयदेखि निरन्तर क्रियाशील इन्सेकले विभिन्न कार्यहरू गर्दै आइरहेको छ। मानव अधिकारको हालको अवस्थाबारे बुझ्न र बुझाउन नेपाल मानव अधिकार वर्ष पुस्तक उपयोगी साबित भएको छ।

**रञ्जीता रिजाल,**
अभिवक्ता, राजविराज, सप्तरी

मानव अधिकार वर्ष पुस्तकले सङ्ग्रहयोग्य दस्ताबेजका रूपमा मानव अधिकार अवस्थाको यथार्थ चित्रण गर्दै मानवअधिकार उल्लङ्घनका घटनाको उजागर गर्ने कार्य प्रशंसनीय रहेको छ। यस पुस्तकले

सबै सरोकारवाला निकायहरूलाई आ-आफ्नो भूमिका निर्वाह गर्न सचेत बनाउने अपेक्षा गर्न सकिन्छ।

**रवीन्द्रराज पाण्डे**

डिएसपी, जिल्ला प्रहरी कार्यालय, सिरहा

सत्य र तथ्यमा आधारित घटनाको तथ्याङ्क सङ्कलन गरी मानव अधिकार संरक्षणको क्षेत्रमा इन्सेकले पुऱ्याएको योगदानको प्रशंसा गर्न चाहन्छु। मानव अधिकार उल्लङ्घनका सत्य तथ्य घटनालाई उजागर गरी सरोकारवालाको ध्यान खिच्न पुस्तकले भूमिका खेल्ने अपेक्षा अपेक्षा गरेको छु।

**राजकुमार आचार्य,**

स्रेस्तेदार, जिल्ला अदालत, सिरहा

नेपाल मानव अधिकार वर्ष पुस्तक अन्तर्गत मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य तथ्याङ्कको सङ्कलन, घटना विवरण समेटिएको सङ्ग्रहयोग्य अभिलेख जसले नेपालमा मानव अधिकारको अवस्थाको यथार्थ चित्रण गरेको पाइन्छ। अहरणीय अधिकार भए पनि विभिन्न कारणले मानव अधिकार अतिक्रमण र हनन्समेत हुने गरेकोले इन्सेकको निगरानी, सचेतनामूलक कार्यक्रम, पुस्तक प्रकाशनजस्ता कार्य सराहनीय छ।

**राजेन्द्रदेव पाण्डे**

प्रमुख जिल्ला अधिकारी, सिरहा

मानव अधिकार वर्ष पुस्तकको अत्यन्त महत्व छ। वर्षभर भएका मानव अधिकारको क्षेत्रमा भएका वस्तुस्थिति बारे वार्षिक रूपमा प्रकाशन हुनु साह्रै सराहनीय कार्य पनि हो। यो पुस्तकमा प्रकाशित भएको विवरण विवादित रहेको पाइँदैन। यसले निष्पक्ष तथा मिहिन ढङ्गले कुनै पनि घटनाहरूको अनुगमन गरी पीडितलाई न्याय दिलाउन र दोषीलाई कानुनको दायराभित्र ल्याउन पहल गर्दछ। इन्सेकले आगामी दिनमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाका साथै विकासको अधिकार अन्तर्गत विकास निर्माणका कार्यहरूमा हुने ढिलासुस्ती र त्यसले स्थानीयवासी र सम्बन्धितलाई पारेको असर र वातावरण प्रदुषणसँग जोडिएका सवालहरूलाई समेत अलिकति फरक दृष्टिकोणबाट समेट्नुपर्छ।

**चक्रपाणी पाण्डे**

प्रमुख जिल्ला अधिकारी, धनुषा

राज्यको मुख्य अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई बलियो बनाउन राजनीतिक दल बढी जिम्मेवार हुनु पर्दछ। पीडित व्यक्तिलाई न्यायको पहुँचसम्म पुऱ्याउनका लागि सबै सरोकारवालाहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ। सरकार मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रत्याभूतिमा सदैव लागिपरेको छ। तर, पनि अज्ञानता सामाजिक कुरीति, अशिक्षा, परम्परावादी सोच, कमजोर आर्थिक अवस्था, विसङ्गति, विकृति आदि कारणबाट आज पनि मानव अधिकारको कुनै न कुनै रूपमा उल्लङ्घन भइरहेको छ भने पीडित न्यायको पहुँचमा पुग्न सकेको अवस्था छैन। राज्यको संयन्त्र बाहेक गैरसरकारी संस्थाहरूबाट पनि मानव अधिकारको संरक्षण र संवर्द्धन एंव कार्यहरू भइरहेका छन्। इन्सेकले राज्यमा हुने दैनिक यस्ता घटनाहरूको अभिलेख राख्ने गरेका कारण सरोकारवालाहरूलाई जानकारी गराउने, मानव अधिकारको संरक्षण र मानव अधिकार उल्लङ्घका घटनाहरू प्रति देश, समाजलाई सुसूचित गराइ रहेको छ।

**शिवराम गेलाल**

प्रमुख जिल्ला अधिकारी, महोत्तरी

इन्सेकले प्रकाशन गर्ने वर्ष पुस्तक अध्ययनको लागि उपयोगी सामग्री मध्येको एक हो। यो पुस्तकको सहायताले वर्षभरिका मानव अधिकार उल्लङ्घनको अवस्था बुझ्न् मद्दत पुग्छ। समाजमा भइरहेको विभिन्न हिंसा र राज्यपक्षबाट हुने गरेको मानवअधिकार उल्लङ्घनको वास्तविक अवस्था विश्लेषणपछि न्याय सम्पादनमा मद्दत पुग्ने देखिन्छ। राज्य संयन्त्रका सरोकारवालाहरू दवाव र प्रभावमा काम गर्नेगरेको आरोप लाग्दै आएकोले बर्ष पुस्तकमार्फत् उठान भएको समस्यालाई सम्बोधन गर्नुपर्ने आवश्यकता देखिन्छ। विपन्न, अल्पसङ्ख्यक र सीमान्तकृत वर्गको समस्या तत्काल सम्बोधन भए उनीहरूको मानवअधिकारलाई सम्मान र पीडितले न्याय पाउने आशा जीवित रहन्छ।

**राकेशप्रसाद चौधरी**

पत्रकार एवम् सामाजिक अनुसन्धानकर्ता

अपराध नियन्त्रण र रोकथाम गरी व्यक्तिको मानव अधिकार संरक्षण गर्न महोत्तरी जिल्ला सरकारी वकिल कार्यालय यस जिल्लामा कार्यरत मानव अधिकारसँग सम्बन्धित सरोकारवाला निकायहरूसँग आवद्ध भई मानव अधिकारको क्षेत्रमा सहकार्य गर्न सदैव तत्पर रहने प्रतिवद्धता व्यक्त गर्दछु।

**पदमप्रसाद वस्ती,**

न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, महोत्तरी

सर्लाही जिल्लामा मानव अधिकार उल्लङ्घन तथा ज्यादती घटनाहरूमा बढोत्तरी भएका छन्। यस्ता घटना न्यूनीकरण गर्न इन्सेक क्रियाशील हुने अपेक्षा गर्दछु। इन्सेकले गर्ने कुनै पनि घटनाहरूको अनुगमन तथा सत्य तथ्य छानविनमा जिल्ला प्रशासन कार्यालयले सधै सहयोग गर्नेछ।

**कोमलप्रसाद धमला**
प्रमुख जिल्ला अधिकारी, सर्लाही

मानव अधिकार वर्ष पुस्तक र उक्त पुस्तकमा समेटिएका पुष्टि र पुनर्पुष्टि सहितका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको विश्लेषण सहितको तथ्याङ्क सराहनीय कार्य हो। सर्लाही जिल्लामा मानव अधिकारको उल्लङ्घन, ज्यादती, छुवाछुत, जातीय विभेद, बलात्कार, कुटपिट, महिला हिंसा, घरेलु हिंसाका घटनाहरू दिन प्रतिदिन बढ्दै गएका छन्। यस्ता घटनाका सन्दर्भमा इन्सेकले जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न अपेक्षा गर्दछु।

**प्रवीण धिताल,**
एसपी, जिल्ला प्रहरी कार्यालय, सर्लाही

मुलुकको मानव अधिकारको स्थिति थाहा पाउन तथा मानव अधिकारको व्यापक क्षेत्रबारे थोरै भए पनि सचेतना उत्प्रेरणा दिलाउन मानव अधिकार वर्ष पुस्तकले योगदान गर्ने भएकोले यो प्रकाशन प्रशंसनीय रहेको छ।

**महेन्द्रकुमार श्रेष्ठ**
एसपी, जिल्ला प्रहरी कार्यालय, रौतहट

इन्सेकले मानव अधिकारको संरक्षण, रक्षा, शान्ति स्थापना गर्न अहम भूमिका निर्वाह गर्दै आएको कुरा विदित छ। इन्सेकले मानव अधिकार उल्लङ्घन, मानव हिंसा, यातना, बोक्सी, बालबालिकाविरुद्ध सामाजिक हिंसा अन्त्यका लागि क्रियाशील हुँदै आएको छ।

**उत्तमकुमार उपाध्याय**
अध्यक्ष, प्रेस चौतारी नेपाल, रौतहट

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारका विविध विषय समेटेको छ। वर्ष पुस्तक नियमित प्रकाशन गरी देशको मानव अधिकारको अवस्थाका बारेमा जागरुक गराउन इन्सेकको भूमिका महत्वपूर्ण हुनेछ।

**रेशम तिवारी**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, बारा

शैक्षिक र चेतनाको हिसाबले जिल्ला अगाडि छ। तर, जिल्लामा मानव अधिकारका घटनाको प्रकृति हेर्दा सामाजिक बहिष्कार, जातीय भेदभावजस्ता घटना हुनु दुखद् हो। सबैको सकारात्मक प्रयासले न्यूनीकरणका कार्य गर्न हातेमालो गर्न जरुरी छ।

**टुवराज पोखरेल**
प्रमुख जिल्ला अधिकारी, दोलखा

जिल्ला शैक्षिक तथा आर्थिक रूपमा साथै चेतनाको हिसाबले अगाडि भए तापनि बलात्कार र बलात्कार प्रयासका घटनाको सङ्ख्या हेर्दा असभ्यता देखिन्छ। इन्सेक लगायत सरोकारवाला संस्था र सरकारी निकायले सचेतीकरण र कानुनका बारेमा छलफल बढाउन आवश्यक देखिन्छ। इन्सेकले मानव अधिकारका घटनाको सङ्कलित सँगालोले देशको र जिल्लाको मानव अधिकारको अवस्था चित्रण गरेको मात्र छैन घटना न्यूनीकरणका कार्यक्रम सञ्चालनका लागि सहयोग पुगेको महसुस गरेको छु।

**चिरञ्जिवी मास्के**
सदस्य, प्रेस काउन्सिल नेपाल

मानव अधिकार संरक्षणमा सरकारी निकाय उदासीन भएमा नागरिक समाजका संस्थाहरूले पहलकदमी गर्दै आम नागरिकले मानव अधिकारको उपयोग गर्न पाउने वातावरण बनाउन नेपाल बार सधैं सँगै रहेको र जिल्लाको कुनाकन्दरामा भएका मानव अधिकार उल्लङ्घनका घटनासमेत समेट्न आग्रह गर्दछु ।

**देवराम बुढाथोकी**
अधिवक्ता, दोलखा

मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाका कारण खोजी गरी न्यूनीकरणका लागि तीन ओटै तहका सरकारले र अन्य सरोकारवाला पक्षले नागरिक सचेतना आवश्यक छ। घटनाका दोषीलाई कडा कारबाही गरी मानव अधिकारमैत्री समाज निर्माणमा सबैको हातेमालो आवश्यक छ।

**सिर्जना कार्की**
महिला अधिकारकर्मी, दोलखा

इन्सेकद्वारा प्रकाशित हुने नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालको मानव अधिकारको अवस्था प्रस्तुत गर्ने गरेको छ। सबै नागरिक सम्मानित, स्वतन्त्र र मर्यादित रूपमा बाँच्न पाउनु मात्रै नभई स्वच्छ वातावरणमा बस्न पाउनु, विकासको अधिकार

मानव अधिकार र सामाजिक न्यायका निम्ति २ दशक भन्दा लामो यात्रामा अनवरत लागेको इन्सेकद्वारा सन् २०२३ मा प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तक प्राप्त गरी अध्ययन गरेँ। सबै समेटिएका घटनाहरू अध्ययन गर्न पाउँदा खुशी लाग्यो। पुस्तकले आम नागरिकलाई मानव अधिकारको सूचना दिने निकै राम्रो काम हो।

**ज्ञानेन्द्रनाथ न्यौपाने,**
अध्यक्ष, मानव अधिकार संरक्षण मञ्च, रसुवा

देशभरका मानव अधिकार विरोधी घटना समेटेर नेपाल मानव अधिकार वर्ष पुस्तकमा समावेश भएको छ। मानव अधिकार उल्लङ्घनका घटना जनतामाझ ल्याएको छ। पुस्तकमा प्रकाशित सामग्रीहरू जहाँ जसले पनि सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्न सक्ने छन्। नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ अध्ययन गर्दा मुलुकको मानव अधिकारको अवस्था स्पष्ट हुन्छ। पुस्तक मानव अधिकारको तथ्याङ्कहरूको सँगालोको रूपमा सङ्ग्रहित छ। यो पुस्तक प्रकाशनले मानव अधिकारको उल्लङ्घनका घटनामा न्यून गर्न उल्लेखनीय भूमिका खेल्न सकेको छ।

**विश्वास नेपाली**
कोषाध्यक्ष, मानव अधिकार तथा
सामुदायिक विकास स्रोत केन्द्र, रसुवा

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू समेटेर प्रकाशित हुने नेपाल मानव अधिकार वर्ष पुस्तकले मुलुकको अवस्था छर्लङ्ग पारेको छ। यो पुस्तक अध्ययन गर्दा मुलुकको मानव अधिकारको अवस्था स्पष्ट हुन्छ। यो पुस्तक प्रकाशनले मानव अधिकारको उल्लङ्घन तथा ज्यादतीका घटनाहरूमा न्यूनीकरण गर्न उल्लेखनीय भूमिका खेलेको छ। नियमित रूपमा वर्ष पुस्तक प्रकाशन गरेर मानव अधिकार उल्लङ्घनका विषयमा चासो राख्ने अनुसन्धान गर्नेलाई पनि महत्वपूर्ण दस्तावेज सावित भएको छ।

**दीपक लामा**
अध्यक्ष, रेडियो रसुवा १०२.१ मेगाहर्ज धुन्चे, रसुवा

वर्षभरिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू समेटेर प्रकाशित हुने नेपाल मानव अधिकार वर्ष पुस्तकले मुलुकको अवस्था छर्लङ्ग छ। यो पुस्तक अध्ययन गर्दा मुलुकको मानव अधिकारको अवस्था स्पष्ट हुन्छ।

**प्रवेश परियार**
मानव अधिकार सञ्जाल, रसुवा

अनुभूति गर्न पनि मानव अधिकार भएको समेत पुस्तकमा उक्त कुरा उल्लेख भएको पाइएको छ।

**भूपेन्द्रबहादुर थिङ,**
अध्यक्ष, नेपाल बार एकाइ, सिन्धुपाल्चोक

मानव अधिकार उल्लङ्घनका सम्पूर्ण घटनाहरू एकै सँगालोमा समेटेर प्रकाशन गर्नुले राज्यलाई जबाफदेही बनाउन मद्दत गरेको छ। यसमा समेटिएका विगतमा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरू तथ्यपरक ढङ्गबाट विश्लेषण भएको पाइयो। जसबाट मानव अधिकारको उल्लङ्घनकर्तालाई नैतिक दबाब परेको महसुस भएको छ। यस्ता घटनाहरू सार्वजनिक गरेर पीडितहरूलाई न्याय, दोषीलाई कानुनी कारबाही र घटनाहरूको न्यूनीकरण हुने विश्वास लिएको छु।

**अशोककुमार घिमिरे**
प्रमुख, जिल्ला समन्वय समिति, रसुवा

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनाका पीडितलाई न्याय दिलाउन, पीडकलाई दण्डित गर्नमात्र नभई आम नागरिकलाई सचेत पार्ने काम गरेको छ। यस्तो पुस्तकले आगामी दिनमा समयानुकूल परिस्कृत गर्दै लैजानुपर्ने आजको आवश्यकता देखिन्छ। पुस्तक मानव अधिकारको तथ्याङ्कहरूको सँगालोको रूपमा रहेको छ। यो पुस्तक प्रकाशनले नेपालमा मानव अधिकारको उल्लङ्घन र ज्यादतीका घटनामा न्यून गर्न उल्लेख्य भूमिका खेल्न सकेको छ।

**बाबुलाल तामाङ**
सभापति, नेपाल रेडक्रस सोसाइटी, रसुवा

इन्सेकद्वारा प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालभरको मानव अधिकारको अवस्था तथा मानव अधिकार हनन्का घटनाहरूबारे जानकारी दिन्छ। यो निकै राम्रो दस्तावेज हो। जसले गर्दा जिल्लाको मानव अधिकारको अवस्था र आगामी दिनमा गर्नुपर्ने कार्यको कार्य योजना बनाउन मद्दत गर्दछ। त्यसैले यो पुस्तकलाई सरोकारवाला सहित सबैको पहुँच योग्य बनाउनु पर्दछ। मानव अधिकार हनन् न्यूनीकरण गर्न तथा मानव अधिकारको संरक्षण प्रवर्धन गर्न वर्ष पुस्तकाले महत्वपूर्ण भूमिका खेल्नेछ।

**प्रकाशचन्द्र अधिकारी**
प्रमुख जिल्ला अधिकारी, रसुवा

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ पढ्न पाइयो। वर्षभरिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू समेटेर प्रकाशित हुने पुस्तकले मुलुकको अवस्था छर्लङ्ग परेको छ। पुस्तक प्रकाशनले मानव अधिकारको उल्लङ्घन तथा ज्यादतीका घटनाहरूमा न्युनीकरण गर्न उल्लेखनीय भूमिका खेलेको जस्तो जस्तो लाग्छ। बढ्दै गएको आत्महत्या, कुटपिट, विपत, दुर्घटनाबाट मानव मृत्यु हुने अन्य घटनाको पनि तथ्याङ्क विश्लेषण गर्न आवश्यक छ।

**रीतमान वाइवा**

कोषाध्यक्ष, गैसस महासङ्घ, रसुवा

मानव अधिकारसँगै कर्तव्य पनि हुन्छन्। मानव अधिकार पूरा गर्नु राज्यको दायित्व हो। सरकारलाई मानव अधिकारप्रति प्रतिवद्ध बनाएर संरक्षकको रूपमा लाग्ने बनाउन वर्ष पुस्तकले भूमिका खेलेको छ।

**कूलमान विश्वकर्मा**

उपप्रमुख, जिल्ला समन्वय समिति, धादिङ

इन्सेकले प्रकाशन गरिरहेको नेपाल मानव अधिकार वर्ष पुस्तकमा अघिल्ला वर्षका घटना न्यूनीकरणका लागि दिएका सुझावहरू कति कार्यान्वयन हुन सके, पीडितले न्याय पाएनपाएको सम्बन्धमा समीक्षा हुनुपर्ने देखिन्छ।

**कृष्णराज अधिकारी**

अध्यक्ष, नेपाल मानव अधिकार सङ्गठन, धादिङ

अपाङ्गता, दलित, महिला जस्ता पीडितले न्याय पाउन सकेको छैन। सरकारले दिने छुट समेत अपाङ्गता भएकाले पाएका छैनन्। वर्ष पुस्तकमा यस्ता विषय उल्लेख गरिनु पर्छ।

**दुर्गाप्रसाद थपलिया**

अपाङ्ग कल्याण सङ्घ, धादिङ

विशेष गरी महिला, अपाङ्गता, जो पीडित छ त्यस्ता व्यक्तिहरूको सहयोग र सुरक्षामा सरकारी निकायको पाटोहरू समावेश गरी वर्ष पुस्तक प्रकाशन होस्।

**कृष्णकुमार श्रेष्ठ**

शाखा अधिकृत तथा सूचना अधिकारी, शिक्षा विकास तथा समन्वय इकाई, धादिङ

पुस्तकको पूर्व समीक्षासँगै प्रकाशित पुस्तकमा समेटिएका घटनाहरूको पनि समीक्षा गरौँ। मानव अधिकार आयोग, सरकार तथा सरोकारवाला निकायको मानव अधिकारका तमाम घटना र सवालमा के गर्न सके वा प्रगति के भयो भन्ने बारे वर्ष पुस्तकमा समावेश गर्न सके अझै राम्रो हुने थियो।

**राजाराम शर्मा**

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, धादिङ

शिक्षा र स्वास्थ्य अपाङ्गता भएका र दलितका लागि नेपाल मानव अधिकार वर्ष पुस्तकले आवाज उठाओस भन्न चाहन्छु।

**गर्भबहादुर मिजार**

अध्यक्ष, बौद्धिक अपाङ्गता अभिभावक सङ्घ, धादिङ

इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकारको अवस्थालाई नियाल्ने आँखीझ्याल नै हो। वर्ष पुस्तकमा महिलामाथि हुने हिंसा, बलात्कारका घटनाहरूको विवरण, मानव अधिकार उल्लङ्घनको अवस्था, शिक्षा, बाल अधिकार, महिला अधिकारलगायत विषयहरू समेटिएकाले नेपाललाई मानव अधिकारको आँखाबाट हेर्न चाहनेका लागि एउटा दरिलो खुराक बन्न पुगेको छ।

**लोचन भट्टराई**

अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ, नुवाकोट

इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालको मानव अधिकारको अवस्थालाई छर्लङ्ग पार्दछ। मानव अधिकारको विषयहरूमा थप फराकिलो बनाउन आवश्यक छ। अधिकारवादीहरूले पीडित पक्षको मनोबल बढाउन सहयोग गर्नु पर्ने र पीडितको संरक्षण हुनेगरी अभियान चलाउन आवश्यक छ। त्यसका सकारात्मक पाटोलाई पनि वर्ष पुस्तकमा समेट्नु पर्दछ।

**कृष्णबहादुर ओली**

जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, नुवाकोट

नेपालको मानव अधिकार आन्दोलनलाई अगाडि बढाउन मानव अधिकार वर्ष पुस्तकको योगदान महत्वपूर्ण रहेको देखिन्छ। वर्ष पुस्तकमा न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाको काम कारबाहीका विषयमा मात्र नभएर स्थानीय तह र स्थानीय सरकारका विषयलाई पनि समेट्न सकेमा अझै राम्रो हुने थियो।

**दीपककुमार गौतम**

प्रमुख, जिल्ला समन्वय समिति, काभ्रेपलाञ्चोक

वर्ष पुस्तकमा अपराधका घटनालाई मात्र प्राथमिकता नदिएर अपराध रोकथाम र न्यूनीकरणका

सवालमा विश्लेषणसहितका आलेखलाई समेट्न सकेमा अति उपयोगी हुने देखिन्छ।

**भाग्येन्द्र पुरुष ढकाल**

एसपी, जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोक

स्थानीय तहको मानव अधिकार अवस्थालाई वर्ष पुस्तकमा प्रस्तुत गरेमा मानव अधिकारको अवस्थालाई सजिलै बुझ्न सकिन्थ्यो। नेपालले गरेको अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार मानव अधिकारमा राज्यले गरेको प्रगतिका बारेमा वर्ष पुस्तकमा उल्लेख हुनुपर्छ।

**गीता बञ्जारा**

उपप्रमुख, पनौती नगरपालिका, काभ्रेपलाञ्चोक

मानव अधिकार वर्ष पुस्तक समग्रमा देशको मानव अधिकारको अवस्था झल्काउने ऐना सरह छ। वर्ष पुस्तक २०२३ ले नागरिकको अधिकार रक्षाका सवालहरूलाई सशक्त रूपमा उठाएको छ। विभिन्न अधिकारहरूलाई संस्थागत गर्ने राज्यको विधि निर्माण गर्ने व्यवस्था वा प्रक्रियाका रूपमा हुने निर्वाचन सम्पन्न हुने क्रममा भएका घटनाहरूलाई तथ्य र प्रवृत्तिका कोणबाट चित्रण गरिएको छ। वर्ष पुस्तकले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विविध पक्षहरूलाई उठाउन जोड गरिरहेको छ। हिंसा प्रतिहिंसा, दमन, शोषण वा बलप्रयोगबाट हुने अधिकार उल्लङ्घनका घटनाहरूलाई मात्रै मानव अधिकार उल्लङ्घनको रूपमा लिइने परिभाषालाई अझ बृहत् बनाएर अधिकार उल्लङ्घनका अवस्थाहरू निर्माण हुनुलाई पनि अभिलेखीकरण गर्नेतर्फ जोड दिनु आवश्यक छ। नागरिक तथा राजनीतिक अधिकार प्राप्तिको अवस्था र नागरिकको जीवनस्तर स्तरीयताका कारण अधिकार उल्लङ्घनका प्रकृतिहरू फेरिएका छन्। राज्यको दायित्व फेरिएको छ। दायित्वविमुख भएको राज्य पक्षलाई झकझक्याउने काममा नेपाल मानव अधिकार वर्ष पुस्तकले अझ बृहत दायरा बनाउन आवश्यक छ। राज्यको कमजोरी र लापरवाहीका कारण मानव अधिकार उल्लङ्घनका अप्रत्यक्ष घटनाहरूमा समेत सशक्त खबरदारी गर्दै नागरिकलाई अधिकारसम्पन्न गराउनेतर्फ वर्ष पुस्तकले भूमिका खेल्न सक्नेछ।

**अमृतनाथ तिमल्सिना**

केन्द्रीय सदस्य

नेकपा (एकीकृत समाजवादी), ललितपुर

वर्ष पुस्तकले नेपालमा मानव अधिकारको अवस्थाको बारेमा जानकारी दिने आधिकारिक दस्तावेजको रूपमा काम गरेको छ। यस पुस्तकले मानव अधिकारको संरक्षण गर्न सरकारलाई जिम्मेवार समेत बनाएको छ। तथ्य परक सूचना प्रकाशनले न्याय सम्पादनमा समेत सहज बनाउँदै आएको छ।

**मञ्जु देवकोटा**

उपप्रमुख, कमलामाई नगरपालिका, सिन्धुली

मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको दस्तावेजका रूपमा हरेक वर्ष प्रकाशन हुँदै आएको छ। लोकतन्त्र, महिला अधिकार र मानव अधिकारसम्बन्धी दस्तावेजका रूपमा प्रकाशन हुँदै आएको यो पुस्तकले महिला, बालबालिकामाथि भएका हिंसालाई तथ्य र तथ्याङ्कका रूपमा उजागर गरी सबैलाई मानव अधिकारको अवस्थाको बारेमा सचेत र राज्यका निकायलाई जिम्मेवार बनाउँदै आएको छ। यो पुस्तक महिला तथा बालबालिकाविरुद्ध हुने हिंसाका दोषीलाई कानुनी दायरामा ल्याएर कारबाही गर्न, मौलिक हक तथा मानव अधिकारलाई सुनिश्चित गर्न र राज्यलाई जिम्मेवार बनाउन सहयोगी बन्ने छ।

**पार्वती सुनुवार**

अध्यक्ष, फिक्कल गाउँपालिका, सिन्धुली

इन्सेकले मानव अधिकारको उल्लङ्घनका घटनाहरूको सङ्कलन, अध्ययन प्रतिवेदन सार्वजनिकीकरण, सम्बन्धित पक्षलाई खबरदारी गर्ने कार्य सकारात्मक छ। सरकारी, गैरसरकारी संस्थाहरू, अनुसन्धाकर्ताहरू सबैको लागि यो एउटा आधिकारीक स्रोत पुस्तकका रूपमा समेत विकास भएको छ। राज्यका जिम्मेवार निकायलाई खबरदारी, निगरानी गर्दै मानव अधिकारको वास्तविक अवस्थालाई प्रतिवेदनका रूपमा उजागर गर्ने र न्याय निरूपणमा प्रमाणको समेत काम गर्ने इन्सेकको कामलाई प्रशंसा योग्य मान्नुपर्छ। अत: यस संस्थाले आफ्नो कार्यलाई निरन्तरता दिइ अझ परिस्कृत र विश्लेषणसहित मानव अधिकारका सबै पक्षलाई समेट्नु पर्छ।

**खेटराज अधिकारी**

अध्यक्ष, गैर सरकारी संस्था महासङ्घ, सिन्धुली

नेपाल अधिकार वर्ष पुस्तकमार्फत मुलुकभित्रका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका विभिन्न घटनाहरूको दस्तावेजीकरण र अभिलेखीकरणसम्बन्धी

महत्वपूर्ण कार्य गर्दै आएको छ। मानव अधिकारको दस्तावेजीकरण तथा अभिलेखीकरणको माध्यमबाट मानव अधिकार हननको तथ्य, तथ्याङ्क तथा विवरणहरूलाई सङ्कलन, संरक्षण र साझा गरिँदै आएको छ। यसले मानव अधिकार उल्लङ्घनबाट भएका क्षति तथा हानि नोक्सानीहरूका विरुद्ध समाधान खोज्ने, मानव अधिकार उल्लङ्घनका दोषीहरूलाई जवाफदेही बनाउने, विगतको अवस्थालाई वर्तमान र भविष्यका लागि सुरक्षित राख्न उल्लेखनीय भूमिका खेल्ने विश्वास लिएको छु।

**उपेन्द्रकुमार पोखरेल**

प्रमुख, कमलामाई नगरपालिका, सिन्धुली

नेपाल मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य/तथ्याङ्कलगायत कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले मानव अधिकारको संरक्षण र संवर्द्धनमा भूमिका खेलेको पाइन्छ। प्रकाशित सामग्रीले मानव अधिकारको सूक्ष्म विश्लेषण गर्न सघाउ पुऱ्याउने तरिकाले काम गरेको छ।

**दिनेश अधिकारी**

प्रमुख, दुधौली नगरपालिका, दुधौली बजार, सिन्धुली

मानव अधिकार वर्ष पुस्तकले हरेक वर्ष विभिन्न निकायले मानव अधिकारका क्षेत्रमा निर्वाह गरेका भूमिका जस्ताको तस्तै पस्कने काम गरेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ ले बितेको वर्ष अर्थात सन् २०२२ मा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले मानव अधिकार संरक्षण र संवर्द्धनमा देखाएका चासो तथा भूमिकाको विश्लेषणात्मक प्रस्तुति समेटेको पाइएको छ। जसका कारण सातै प्रदेशको प्रतिनिधित्व हुने गरी आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक अधिकारसम्बन्धी आलेखहरू प्रकाशित हुँदै आइरहेको छ। साथै, जिल्लागत घटनाको प्रवृत्ति र सङ्ख्या तथ्याङ्कमा समावेश गरिएको छ। त्यसैले यो वर्ष पुस्तकले आवाजविहीन जनजातिका हक अधिकारका विषयवस्तु समेट्नु पर्ने दखिन्छ।

**विमर्श मोक्तान**

अध्यक्ष, मरिण गाउँपालिका, कपिलाकोट, सिन्धुली

महिला विरुद्ध हुने विभेद, हिंसा र बहिष्कारले मानव मर्यादा समानता, सम्मान र सिद्धान्तहरूको उल्लङ्घन गरेको देखिन्छ। लैङ्गिकताका आधारमा गरिने राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक सुरक्षा र आत्मसम्मानपूर्वक जीवन जीउन पाउने अधिकारलाई राज्यले सुनिश्चता गर्नुपर्ने देखिन्छ।

**दीपा बोहोरा (दाहाल)**

अध्यक्ष, सुनकोशी गाउँपालिका, रामटार, सिन्धुली

नेपालको संविधान निर्माणपछि दोश्रोपटक भएका तीनै तहका निर्वाचनपश्चात संविधान र सङ्घीयता कार्यान्वयनको प्रतिबद्धता र अभ्यासबीच तादात्म्य देखिएको छैन। प्रमुख राजनीतिक दलहरू सँगसँगै कार्यपालिका, व्यवस्थापिका र न्यायालयका कामकारबाहीले जनमानसमा शङ्का उत्पन्न भएको छ। संविधान निर्माण भएपश्चातका निर्वाचनहरूको सफलतासँगै देखिएको आमनागरिकको उत्साह राज्यका तीनओटै अङ्गका विवादास्पद क्रियाकलाप र प्रमुख दलहरूको अकर्मण्यताका कारण सिथिल हुन पुगेको छ। यस्ता विषयलाई वर्ष पुस्तकमा प्राथमिकता दिनु उत्तम हुन्छ।

**जगतबहादुर भोलन**

अध्यक्ष, घ्याङ्लेख गाउँपालिका, बस्तीपुर सिन्धुली

इन्सेकले देशभर गरिएको मानव अधिकार अनुगमनबाट प्राप्त तथ्य र तथ्याङ्क वर्ष पुस्तकको उद्देश्य सूचनाको मुख्य स्रोत रहेको पाइन्छ। यो स्रोत अध्येता र विकासका साझेदार सबैलाई उपयोगी हुन्छ। यसैलाई आधार मानेर मानव अधिकारमैत्री विकासका योजना बनाउन सकिन्छ।

**कर्णबहादुर मगर**

अध्यक्ष, तीनपाटन गाउँपालिका, लाम्पनटार, सिन्धुली

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाका साथै कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले मानव अधिकारको संरक्षण र संवर्द्धनमा खेलेको भूमिका यस पुस्तकमा समावेश गरिएको पाइन्छ। प्रकाशित सामग्रीले मानव अधिकारको सुक्ष्म ढङ्गले विश्लेषण गर्न सघाउ पुऱ्याउँछ।

**बर्जध्वज वाइवा**

अध्यक्ष, हरिहरपुरगढी गाउँपालिका, झनझने, सिन्धुली

विस्तृत शान्ति सम्झौताको १८ वर्षसम्म पनि हिंसा पीडितहरू न्यायबाट वञ्चित रहेका छन्। पीडकलाई जवाफदेही बनाउने वा पीडितले विधिसम्मत

रूपमा क्षमादान दिने इच्छा व्यक्त गरेको अवस्थामा जबाफदेही बनाउने सम्भावित प्रकृयाहरूका विषयमा सार्वजनिक छलफल नभएका होइनन्। तर, यस वर्षको अन्त्यसम्म सङ्क्रमणकालीन न्यायको कार्यभार पूरा गर्न बनाइएका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमार्फत सार्थक परिणाम हुन सकेको छैन। न्याय र परिपूरणका माध्यमले शान्ति प्रकृयालाई पूरा नगरिएकै कारण लोकतन्त्रको संस्थागत विकास हुनुपर्ने राज्यका संवैधानिक तथा अन्य महत्वपूर्ण निकायहरू झन्झन् कमजोर बन्दै गएको र संस्थागत सुधारको मार्ग प्रशस्त हुन सकेको अवस्था देखिदैन। यो विषयमा वर्ष पुस्तकले गरेको खबरदारी सरोकारवालाका लागि दबाब पनि हो।

**रूद्रबहादुर खड्का**
प्रधान सम्पादक, स्वाधीन खबरपत्रिका, सिन्धुली

इन्सेक जिल्ला प्रतिनिधिहरूले सङ्कलन गरेर वर्ष पुस्तक तयार गरिनु सराहनीय कुरा हो। सञ्चार माध्यममा समेत आउन नसकेको घटना इन्सेकको वर्ष पुस्तकमा प्रकाशन हुँदै आएकाले यस वर्ष पुस्तकको विश्वासनीयता देश प्रदेशको साथै अन्तर्राष्ट्रियस्तरको लागि सुखद् पक्ष हो।

**ध्रुवप्रसाद चौलागाई**
पूर्व अध्यक्ष, पुनरावेदन अदालत बार एशोसिएसन, हेटौंडा

इन्सेकले विगतका वर्ष भन्दा अझ बढी सत्य र तथ्यका आधारमा वर्ष पुस्तक प्रकाशन गर्ने प्रयास गरेको छ। घटनाका विषयमा कुनै पनि पूर्वाग्रह नराखी निष्पक्ष कार्य सम्पादन गरी नागरिकलाई सही सूचना प्रवाह हुनु पर्दछ।

**सिताराम रिजाल**
एसपी, जिल्ला प्रहरी कार्यालय, मकवानपुर

सरकारी र गैर सरकारी सबै वर्ग क्षेत्रको सरोकारका विषयका रूपमा मानव अधिकाररहेको हुन्छ। वर्ष पुस्तकमार्फत यथार्थ विवरण आउँदा नीति निर्माणमा सहयोग पुग्छ।

**प्रताप विष्ट**
पत्रकार, मकवानपुर

कतिपय जिल्लामा प्रशासकको रूपमा काम गर्दा इन्सेकका प्रतिनिधिहरूसँग मिलेर काम गरेको अनुभव पनि छ। इन्सेकले अभिलेख गर्ने मानव अधिकारसम्बन्धी घटनाले राज्यलाई घचघच्याउने गर्दछ। मानवको सम्मानपूर्वक बाँच्न पाउने वतावरणको निर्माणका लागि राज्य र त्यसका संयन्त्रहरूलाई मार्गदर्शन गर्न पुस्तकले राम्रो भूमिका खेलेको ठान्दछु।

**सूर्यप्रसाद सेढाई**
प्रमुख जिल्ला अधिकारी, मकवानपुर

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनकर्ता र राज्यलाई जिम्मेवार बनाउन र मानव अधिकार सूचनामा महत्वपूर्ण भूमिका खेलेको छ। वर्ष पुस्तकले स्थानीय सरकारको मानव अधिकार कार्ययोजना बनाउन सहयोग पु¥याओस्।

**ललित घलान**
प्रमुख, जिल्ला समन्वय समिति, मकवानपुर

मानव अधिकार उल्लङ्घनका घटनालाई उजागर गरी प्रकाशन हुने मानव अधिकार वर्ष पुस्तक एक महत्वपूर्ण दस्तावेज हो। जसले हाम्रो देशको मानव अधिकारको समग्र अवस्थालाई दर्शाउने गर्दछ। दण्डहीनता अन्त्य र कानुनी राज्य स्थापनाको लागि इन्सेकले गरेको यो कार्य महत्वपूर्ण रहेको छ। मानव अधिकार संरक्षण र संवर्द्धनको सवालमा सरोकारवालाहरूलाई संवेदनशील बनाउनको लागि यस कार्यले अहम भूमिका निर्वाह गर्दछ भन्ने आशा गरेको छु।

**अधिवक्ता अप्सरा बस्नेत**
अध्यक्ष, मकवानपुर जिल्ला बार
एशोसिएसन

न्यायमा पहुँच नभएका निमुखा, गरिब र असहायहरूको न्याय प्रवर्धनका लागि सरकारका निकायले गरिरहेका प्रयासलाई सघाउन नेपाल मानव अधिकार वर्ष पुस्तकले राम्रो काम गरेको छ। सदरमुकाम र सुविधायुक्त ठाउँका सेवाग्राहीहरूले न्यायिक निकायमा जाने अनि तिनै घटनाहरूको मात्र जानकारी आउने गरेको अवस्थामा कुनाकन्दरामा लुकेका घटनाहरू वर्ष पुस्तकमा समावेश गर्ने संयन्त्रको विकास गर्नु जरूरी छ।

**मीना लामा**
मेयर, हेटौँडा उपमहानगरपालिका

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनमा उल्लेखीय भूमिका निर्वाह गरेको छ। इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले समग्र जिल्लाको मानव अधिकारको अवस्था झल्काउँछ। हामी

राज्यका जिम्मेवार निकायलाई पनि सचेत हुन र विभिन्न जानकारी लिन यस पुस्तकले सहयोग पुऱ्याएको छ। मानव अधिकार उल्लङ्घन घटनाको अभिलेखको रूपमा मैले यस पुस्तकलाई लिने गरेको छु।

**विजयराज पण्डित**

डिएसपी तथा प्रवक्ता, जिल्ला प्रहरी कार्यालय, चितवन

मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाका विषयमा कुनै पूर्वाग्रह नराखी अभिलेखिकरण हुने गरेकाले यसको विश्वसनीयता निरन्तर उकालो लागेको मैले महसुस भएको छ। मानव अधिकार उल्लङ्घन घटनाका प्रतिवेदनहरू सूचनाको स्रोतका रूपमा लिने गरेको छु।

**कमलप्रसाद आचार्य**

कारागार प्रमुख, भरतपुर, चितवन

इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तक एक महत्वपूर्ण दस्तावेजको रूपमा रहेको पाइन्छ। कठिन समयमा पनि मानव अधिकार उल्लङ्घनका घटनालाई यथार्थ चित्रण गरी मानव अधिकार पुस्तकमा समावेश गर्ने काम सराहनीय छ। देशभित्र भएका मानव अधिकार उल्लङ्घनका घटना समेटेर प्रकाशन हुने भएकाले इन्सेकले वार्षिक रूपमा प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकलाई चासोको साथ हेरिन्छ।

**भूपेन्द्र थापा**

प्रमुख जिल्ला अधिकारी, चितवन

मानव अधिकार संरक्षण र संवर्द्धनको प्राथमिक दायित्व राज्य र यसका निकायको हो। साथै, मानव अधिकार उपभोगको निगरानी, खबरदारी, पीडितलाई न्यायमा पहुँचको लागि सहजीकरण, मानव अधिकारको अवस्था अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्ने, मानव अधिकार शिक्षाको प्रवर्धन गर्ने, मानव अधिकारका सवालहरूमा धारणा सार्वजनिक गर्ने तथा मानव अधिकारको अवस्थाहरूको अभिलख गर्ने कार्य मानव अधिकारको क्षेत्रमा क्रियाशील सङ्घ संस्थाहरूको दायित्व हुन्छ। यस कार्यमा इन्सेकले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

**मातृका भट्टराई**

प्रदेश सभा सदस्य सिन्धुली, बागमती प्रदेश,

इन्सेकले मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरी वर्षभर भएका मानव अधिकार उल्लङ्घनका घटनालाई लिपिबद्ध गर्ने काम गरेको छ। जुन सराहनीय छ। नेपालमा अहिले मानव अधिकार उल्लङ्घनका नयाँनयाँ स्वरुप र क्षेत्र विकास हुँदै गइरहेका छन्। सोही अनुरूप इन्सेकले वर्ष पुस्तकलाई थप परिस्कृत र परिमार्जित गराउँदै लैजानु जरुरी छ।

**नरेन्द्र ढकाल**

उपाध्यक्ष, नेपाल पत्रकार महासङ्घ, गोरखा

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटना उजागर गर्न सफल भएको छ। यसको तथ्याङ्कले मानव अधिकार उल्लङ्घनका घटना न्यूनीकरणको योजना बनाउन पनि सघाउ पुग्ने छ। सामाजिक, सांस्कृतिक, आर्थिक विषयवस्तु अझै गहिराइमा गएर विषयवस्तु प्रकाशन गर्न आवश्यक छ।

**दिलबहादुर बस्नेत**

अध्यक्ष, मानव अधिकार सङ्गठन, गोरखा

मानव अधिकार वर्ष पुस्तकले वर्षभरको मानव अधिकार उल्लङ्घनका घटनाहरूको अभिलेखीकरण गरी उजागर गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ। यस पुस्तकले मानव अधिकारका अवस्थाको बारेमा जानकारी हासिल गर्न सहयोग पुऱ्याउनुका साथै मानव अधिकारको उल्लङ्घनका घटना न्यूनीकरणमा सचेतना फैलाउन समेत सहयोगी भूमिका खेल्दै आइरहको छ। नेपालको संविधानले प्रत्याभूत गरे बमोजिम मानव अधिकारको संरक्षण र संवर्द्धन गर्नु नेपाल प्रहरीको दायित्व हुन आउँछ। त्यसै अनुसार नागरिकहरूको मानव अधिकार संरक्षण र संवर्द्धन गर्ने कार्यमा यस कार्यालय पूर्ण प्रतिबद्ध छ। यस पुस्तकले मानव अधिकार उल्लङ्घनका घटना मात्र नभई नागरिकका कर्तव्य तथा नागरिक शिक्षाका बारेमा समेत समावेश गर्न सकेमा मानव अधिकार संरक्षण र संवर्द्धनको क्षेत्रमा थप टेवा पुग्ने देखिन्छ।

**अनुपम श्रेष्ठ**

एसपी, जिल्ला प्रहरी कार्यालय, गोरखा

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको संरक्षण, सम्बर्द्धन र सामाजिक न्यायका पक्षमा वकालत गर्नुका साथै नेपालले गरेका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि र अनुमोदनको निगरानी गर्ने महत्वपूर्ण दस्तावेजको रूपमा अलग पहिचान स्थापित गराउन सफल भएको कुरामा दुईमत छैन।

**सुरेन्द्रराज काफ्ले**

जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, गोरखा

इन्सेकले प्रत्येक वर्ष सत्य तथ्यको अध्ययन गरेर मानव अधिकार वर्ष पुस्तक निकाल्ने गरेको देखिन्छ जुन एकदमै सराहनीय काम हो। मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही गर्न नेपाल प्रहरी सक्षम छ। प्रहरीले मानव अधिकार उल्लङ्घनलाई न्यूनीकरण गर्न शून्य सहनशीलताको सिद्धान्तले काम गरेको छ।

**मोहन थापा**
एसपी, जिल्ला प्रहरी कार्यालय, कास्की

वर्ष पुस्तकले मानव अधिकारको अवस्थाको बारेमा चित्रण गर्ने गर्दछ। मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालका सकल दर्जालाई मानव अधिकार बारे प्रशिक्षण गरेका छौँ। सरकारी तहबाट मानव अधिकार उल्लङ्घनका घटनाहरू भएका छैनन्। हामी मानव अधिकारको विषयमा संवेदनशील छौँ।

**बासुदेव घिमिरे**
प्रमुख जिल्ला अधिकारी, कास्की

विगतमा भन्दा २०२३ को वर्ष पुस्तकले सामाजिक सांस्कृतिक एवम् आर्थिक विषयवस्तुहरूलाई जोडेर अनुसन्धानात्मक प्रतिवेदन तयार गरी प्रकाशन गरेको छ। यस्तो कार्यले विभिन्न विधागत भिन्नता भएका क्षेत्र समुदाय भाषा, भाषिक समुदायहरूलाई अध्ययन तथा अनुसन्धान गर्न एक अर्का वर्गमा सूचना सम्प्रेषण गर्न सहयोग पुऱ्याएको छ। यसले गर्दा बहुसांस्कृतिक नेपाली समाजमा सकारात्मक प्रभाव छाड्ने विश्वास गर्न सकिन्छ।

**अधिवक्ता गिरधारी सुवेदी**
उपाध्यक्ष, उच्च अदालत बार एशोसियसन, पोखरा

मानव अधिकार वर्ष पुस्तकले कानुनको बारेमा नागरिकलाई जानकारी गराउनुपर्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी हुनुअघि नै सरकारले मानव अधिकारको संरक्षणको लागि काम गरेको थियो।

**कमलराज भण्डारी**
सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, तनहुँ

इन्सेकले मानव अधिकारको संरक्षण र संवर्द्धनमा राज्यलाई सहयोग गर्दै आएको छ। मानवअधिकार वर्ष पुस्तकले पनि यो कार्यमा सहयोग गर्दै आएको छ। मानव अधिकारको घटना राज्यसँग सम्बन्धित हुने भएकोले प्रहरीले मानव अधिकार हननका घटनामा शून्य सहनशीलताको नीति लिएको छ। मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि प्रहरीले विभिन्न स्थानमा सचेतनाको कार्यक्रम गर्दै आइरहेको छ। मानव अधिकारको मुख्य संरक्षक भएको भन्दै मानव अधिकार र मौलिक हकमा समावेश भएका अधिकारहरू नागरिकलाई उपलब्ध गराउनु राज्यको मुख्य दायित्व हो। मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार हनन्का घटनाको बारेमा मात्र नभई मानव अधिकार र मौलिक हकका बारेमा पनि नागरिकलाई जानकारी गराउनुपर्छ।

**मोहनबहादुर खाँण**
एसपी, जिल्ला प्रहरी कार्यालय, तनहुँ

मानव अधिकारको संरक्षणमा इन्सेक र मानव अधिकार वर्ष पुस्तकले ठूलो योगदान पुऱ्याएको महसुस गरेको छु। मानव अधिकार वर्ष पुस्तकले जनतालाई मानव अधिकारप्रति सचेतना जगाउने सवालमा काम गरिरहेको छ।

**हरिप्रसाद वाग्ले**
प्रवक्ता, नेपाली कांग्रेस जिल्ला कार्य समिति, तनहुँ

मानव अधिकारको विषयलाई इन्सेक र मानव अधिकार वर्ष पुस्तकलले राम्रोसँग उठान गरेको छ। इन्सेकले उपलब्ध गराएको तथ्याङ्क सहितको प्रतिवेदनले राजनीतिक पार्टीलाई पनि आफ्नो बैठकहरूमा छलफल गर्ने आधार हुने गरेको छ। वर्ष पुस्तकको माध्यमबाट जिल्लाको मानव अधिकारको अवस्थाको बारेमा प्रष्ट हुन्छ।

**राजेश्वर ढकाल**
सचिव, नेकपा एमाले जिल्ला कमिटी, तनहुँ

मानव अधिकार वर्ष पुस्तकले समग्रमा देशको मानव अधिकारको अवस्थाको बारेमा यथार्थ जानकारी दिन्छ। यो पुस्तक सबैको लागि संग्रहनीय र उपयोगी पनि छ। शिक्षा, स्वास्थ्य र खाद्यका विषयलाई पनि मानवअधिकार वर्ष पुस्तकमा समावेश गर्नु पर्छ। अदालतमा विचाराधीन मुद्दाको विषय मानव अधिकार वर्ष पुस्तकमा राख्नु हुँदैन।

**सरीता भण्डारी**
संयोजक, नेपाल बार एसोसियशन मानव अधिकार तथा जनसरोकार समिति तनहुँ

नेपाल मानव अधिकार वर्ष पुस्तकले समाजमा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई उजागर गर्दै दण्डहीनताको अन्त्य गर्न

सहयोग पुऱ्याई रहेको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरूको उजागर गर्दा राज्यपक्षबाट भएका घटनाहरू मात्रै नभइ अन्यपक्ष वा समूह/व्यक्तिबाट हुने जबरजस्ती चन्दा असुली जस्ता कसैको इच्छा विपरित गैरकानुनी कार्य गर्न बाध्य बनाउने जस्ता घटनाहरूसमेत पुस्तकमा समेट्न आग्रह गर्दछु। साथै मानव अधिकार साथसाथै मानव कर्तव्य र जिम्मेवारीसम्बन्धी आम जनतालाई सचेत गराउन सके समाजमा हुने मानव अधिकार उल्लङ्घनका घटनाहरूमा कमी आउने थियो कि भन्ने सुझाव छ।

**लक्ष्मण ढकाल**

प्रमुख जिल्ला अधिकारी, म्याग्दी

नेपालको ७७ ओटै जिल्लामा भएका वर्षभरका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू एउटै पुस्तकमा हेर्न पाउनु निकै राम्रो हो। आगामी दिनमा इन्सेकले सबै क्षेत्रका अधिकार अनि कर्तव्यका बारेमा पनि थप्दै जान सक्नु पर्छ।

**बालकृष्ण सुवेदी**

उपाध्यक्ष, नेकपा एमाले, म्याग्दी

इन्सेकले प्रकाशन गर्दै आइरहेको मानव अधिकार वर्ष पुस्तक उपयोगी छ। हामी न्याय क्षेत्रमा काम गर्नेहरूका लागि नेपाली वर्ष अनुसार पुस्तक प्रकाशन हुन सक्ने हो भने जिल्लागत तथ्याङ्क अद्यावधिक गर्न सहज हुने थियो।

**राजु ढुङ्गाना**

स्रेस्तेदार पर्वत जिल्ला अदालत

इन्सेकले वर्ष पुस्तकमा जातीय विभेदका कुराहरूलाई अझै दूरदराजमा पुगेर मानव अधिकार उल्लङ्घनका विषयका रूपमा उठान गर्ने हो भने बहसको विषय बन्थ्यो र जातीय विभेदजन्य घटनाहरू न्यूनीकरण हुने थिए।

**विष्णुराम विक**

प्रमुख, जिल्ला समन्वय समिति, पर्वत

वर्ष पुस्तक उपयोगी छ। विशेषगरी न्यायिक तथा अर्धन्यायिक निकायमा यी पुस्तक दस्तावेजका रूपमा राखेर जुनसुकै बेला पनि प्रयोग गर्न सकिने छ।

**खुमलाल भुसाल**

डिएसपी, जिल्ला प्रहरी कार्यालय पर्वत

नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत नेपालको मानव अधिकारको अवस्थालाई प्रतिनिधित्व गर्ने गतिलो दस्तावेज प्रकाशन गरी मानव अधिकार संरक्षण र संवर्द्धनमा सराहनीय कार्य हुँदै आएको छ।

**सन्जय राउत**

एसपी, जिल्ला प्रहरी कार्यालय, स्याङ्जा

राज्य पक्ष र अन्य पक्षलाई जबाफदेही बनाउने कार्यमा अन्यायमा परेका सीमान्तीकृत नागरिक र पीडितको पक्षमा निष्पक्ष आवाज बुलन्द गर्दै सामाजिक न्याय स्थापित गर्ने कार्यमा इन्सेकले वर्षपुस्तकमार्फत महत्वपूर्ण भुमिका निर्वाह गरेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरी मानव अधिकार उल्लङ्घनका घटनालाई उजागर गरेको छ।

**विश्व पौडेल**

अध्यक्ष, आँधिखोला गाउँपालिका

मानव अधिकार वर्ष पुस्तकले आम नागरिकको मन जित्न सक्नु पर्छ। हरेक जिल्लामा घटनाको सत्यतथ्य सम्बन्धमा छलफल भई सरोकारवालाबाट लिएका सल्लाह अनि सुझावसहित पुस्तकको अन्तिम रूप दिने हुँदा यसले सबैको स्वीकारोक्ति पनि लिएको मान्न सकिन्छ।

**जनकराज पन्त**

प्रमुख जिल्ला अधिकारी, मुस्ताङ

भौगोलिक रूपमा विकट रहेका जिल्लाका सबै घटना सङ्कलन गर्न इन्सेकले स्थानीय तहसँग समन्वय गर्नुपर्दछ। आर्थिक अवस्था कमजोर भएका कतिपय पीडितले हिंसा सहेर बसेका छन्। त्यस्ता पीडितलाई कानुनी प्रकृयामा जान इन्सेकले सहयोग गर्नुपर्छ। आगामी दिनमा उजुरी दिन नसक्ने पीडितलाई न्यायालयसम्म पुग्ने वातावरण इन्सेकले बनाउनु पर्दछ। न्यायालयसम्म नपुगेका घटनाका विषयमा इन्सेकले अध्ययन गरी पुस्तकमा समावेश गर्नुपर्दछ।

**दिलकुमार बर्देवा**

जिल्ला न्यायाधीश, मुगु

इन्सेकले मानव अधिकारका क्षेत्रमा विश्वास योग्य कामगर्दै आएको छ। अरु मानव अधिकार संस्था भन्दा इन्सेकले फरक तरिकाले काम गरेको पाएको छु। अन्य जिल्लाको तुलनामा यो वर्ष मुगुमा कम घटना अभिलेख भएको पाइयो। आउने वर्षमा मुगु जिल्लामा मानव अधिकार उल्लङ्घनका सम्पूर्ण घटना खोजी गरेर राख्न अनुरोध गर्दछु।

**टोपेन्द्रबहादुर केसी**

प्रमुख जिल्ला अधिकारी, मुगु

ग्रामीण भेगमा भएका घटनालाई पुस्तकमा उजागर गर्न र इन्सेकले पीडितलाई न्यायको पहल गर्न सहयोग गर्नु पर्दछ। प्रहरी कार्यालयमा उजुरी नपर्नुका कारण अशिक्षा, भौगोलिक विकटता र राजनीतिक दबाव रहेका छन्। यस्ता सवाल पनि पुस्तकमा समावेश गरिनु पर्दछ।

**भुपेन्द्र बुढाथोकी**

इन्स्पेक्टर, जिल्ला प्रहरी कार्यलय, मुगु

इन्सेकले मानव अधिकार उल्लङ्घनका घटनाहरूको सुक्ष्म खोज तथा अनुसन्धान गरी तथ्याङ्कसहित पुस्तक प्रकाशन गर्दै आएको छ। मानव अधिकार संरक्षण र संवर्द्धन गर्न तथा सचेतना जगाउने कार्यमा वर्ष पुस्तक प्रकाशन कोशेढुङ्गा सावित हुने विश्वास लिएको छु।

**विनोद पोखरेल**

प्रमुख जिल्ला अधिकारी, हुम्ला

नेपाल मानव अधिकार वर्ष पुस्तकबाट पत्रकारहरूले देशमा भएका मानव अधिकार हनन्का घटनाहरूका बारेमा जानकारी लिन सहयोग पुग्ने गरेको छ। हाल जति घटना सङ्कलन भएका छन् ती आफैँमा पूर्ण र अन्तिम होइनन्।

**राजन रावत**

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, हुम्ला

घरेलु हिंसा, सम्बन्ध विच्छेद बलात्कार, यौन दुर्व्यवहारका घटना बढी हुने गरेका छन्। यसमा केही झुठा मुद्दा पनि आउने गरेका छन्। घटना एक मुद्दा अर्कै किसिमका आउने गरेकाले प्रहरीले सुक्ष्म अध्ययन गरेर अगाडि बढाउने गरेको छ। यस्ता घटना अभिलेख गर्दा इन्सेकले सुक्ष्म अध्ययन गर्न आवश्यक छ।

**रेणुका राई**

न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, जुम्ला

स्वास्थ्यको अधिकार क्षेत्रमा ब्लड बैङ्क पनि पर्छ होला। यो मुद्दालाई वर्ष पुस्तकमा समेट्न आवश्यक छ। ब्लड नभएकै कारण सर्वसाधरण नागरिकले समयमा उपचार पाएका छैनन्। यस्ता सवाल वर्ष पुस्तकले उठाउन आवश्यक छ।

**प्रल्हाद कार्की**

डिएसपी, जिल्ला प्रहरी कार्यालय, जुम्ला

जुम्लामा अहिले लागु औषधिको बढ्दो बिक्री वितरण र प्रयोगले धेरै कलिला बालबालिकाको शिक्षा र स्वास्थ्यमा निकै असर परेको छ। अहिले जुम्ला कारागारमा ६० प्रतिशत कैदी बन्दी यही लागुऔषध घटनाका छन्। यसलाई राज्यले नियन्त्रण गर्न खोजे पनि निर्मुल हुन सकिरहेको छैन । यसले समग्र रूपमा प्रभाव परेको देखिन्छ। यस्ता विषयलाई पनि पुस्तकमा अभिलेख गर्न आवश्यक छ।

**कार्मा बुढा**

उपसभापति, नेपाली कांग्रेस, जुम्ला

यस पुस्तकमा दूर दराजमा रहेका घटनाहरू जति समेट्नु पर्ने हो त्यति समेटिएका छैन। यसका लागि इन्सेकले थप मिहिनेत गर्न आवश्यक देखिन्छ। मानव अधिकार संरक्षणमा नागरिक दायित्वका विषयमा पुस्तकमा उल्लेख गर्न आवश्यक देखिन्छ। साथै गम्भीर खालको घटनाको विश्लेषण गरेर वर्ष पुस्तकमा राख्दा राम्रो हुने देखिन्छ।

**गणेश नेपाली**

प्रमुख जिल्ला अधिकारी, कालिकोट

पुस्तकले मानव अधिकारका सवालमा भएका ज्यादती र मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई उजागर गरी सम्बन्धित निकायको ध्यान केन्द्रित गराउदै मानव अधिकारको संरक्षणमा लाग्न प्रेरित समेत गर्दै आएको छ। यस पुस्तकमा समावेश गरिने घटनाले दोषीलाई सजाय र पीडितलाई न्याय दिलाउने आधार समेत भएको छ। यद्यपि यसमा समावेश हुने तथ्यहरू एकातिर यथार्थपरक र वस्तुनिष्ठ भने हुनुपर्ने देखिन्छ भने अर्कोतर्फ त्यस्ता तथ्यहरूको सत्यापन गरिएको हुनु पर्ने देखिन्छ।

**अर्जुन केसी**

डिएसपी, जिल्ला प्रहरी कार्यालय, कालिकोट

मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार पालनाको अवस्था, मानव अधिकारको उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको जिल्लागत र विषयगत रूपमा तथ्यहरू समेटिएको देखिन्छ। यसले मानव अधिकार शिक्षाको सचेतना फैलाउने तथा राज्यलाई जिम्मेवार बोध गराउने गरेको छ। सङ्कलित घटनाहरूको तथ्यमा त्यति समस्या छैन तर कुनाकन्दराका सबै घटनाहरू समेट्न नचुकोस्।

**बलराम लम्साल**

जिल्ला न्यायाधीश, दैलेख

सशस्त्र द्वन्द्वको समयमा राज्य र तत्कालीन विद्रोही पक्षलाई सजग गराउदै नागरिकको बाँच्न पाउने

अधिकार संवर्द्धनमा इन्सेकले उल्लेख्य काम गरेको अहिले पनि प्रशंसा हुने गरेको छ। दैलेखमा बालविवाह, घरेलु हिंसा, जातीय विभेद, बलात्कारका घटनाहरू बर्सेनी बढ्दै गरेको परिप्रेक्ष्यमा स्थानीय सरकारसँगको समन्वयमा मानव अधिकार शिक्षा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न सके अपराध रोकथाममा समेत सहयोग पुग्न सक्थ्यो।

**खिमराज भुसाल**
प्रमुख जिल्ला अधिकारी, दैलेख

मानव अधिकार तथा सामाजिक न्यायको निम्ति काम गर्दै आएको इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकले नागरिकहरूको मानव अधिकार संवर्द्धनमा सहयोग पुग्दै आएको छ मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना सार्वजनिक दण्डहीनता अन्त्य गर्न ठूलो योगदान पुऱ्याउने विश्वास लिएको छु।

**किशोर लम्साल**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, दैलेख

दैलेखमा महिलाहरूले घरेलु हिंसा, छाउपडी प्रथा, बहुविवाह, बालविवाहका समस्या भोग्दै आएका छन्। यी विषयमा राज्यका निकाय र स्थानीय सरकारले बेवास्ता गरिहेका छन्। सामाजिक सद्भावका नाममा बलात्कार, जातीय विभेद जस्ता घटनाहरू मेलमिलाप गराउने, लुकाउने काम भइरहेका छन्। यस्ता जटिल सवालमा इन्सेकले गहन अध्ययन गरी वर्ष पुस्तकमार्फत उजागर गर्नुपर्छ।

**डिलकुमारी चन्द**
अध्यक्ष, गैसस महासङ्घ, दैलेख

जिल्ला प्रहरी कार्यालयमा दर्ता भएका घटनासँगै दुर्गम बस्तीमा नागरिकबाट समेत हुने सामान्य घटनाहरू खोजी गरी प्रहरीको सम्पर्कमा ल्याई प्रस्तुत गर्नुपर्छ। अन्य दर्ता हुन नसकेका कानुनी प्रक्रियामा सामेल हुन नसकेका घटनाहरूको खोजी गरी प्रस्तुत गर्नसके सम्बन्धित निकाय तथा व्यक्तिहरूबाट हुने मानव अधिकार उल्लङ्घनका घटनामा कमी आउन सक्छ भन्ने अपेक्षा लिएको छु।

**सन्तोष रोका**
डिएसपी, जिल्ला प्रहरी कार्यालय जाजरकोट

मानव अधिकार उल्लङ्घनका घटना वर्ष पुस्तकमार्फत सार्वजानिक गरी नागरिकलाई सचेत गराउने कार्यमा इन्सेकको सरहानीय भूमिका रहेको छ। आगामी दिनमा यस पुस्तकमार्फत समाजमा लुकिछिपी रहेका मानव अधिकार हननसँग सम्बन्धित घटनालाई जस्ताको तस्तै उजागार गरेर मानव अधिकारको सन्दर्भमा महत्वपूर्ण दस्तावेज बन्न सकोस् भन्ने अपेक्षा राख्दछु।

**प्रकाशकुमार शाही**
अध्यक्ष, नेपाल बार एशोसियसन, जिल्ला अदालत
बार एकाइ, जाजरकोट

मानव अधिकार वर्ष पुस्तकमा बालविवाह, वैदेशिक रोजगारीका नाममा भइरहेको मानव बेचबिखन र ठगी, साइवर अपराध, लागू औषध बेचबिखन, महिला प्रजनन् स्वास्थ्य अधिकार, ज्येष्ठ नागरिकहरूको पारिवारिक र सामाजिक सुरक्षा, दलितका लागि दिइएका शिक्षा, रोजगार र भूमिजस्ता संवैधानिक अधिकार, यौनिक अल्पसङ्ख्यक एवम् अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, बाल श्रम र निकृष्ट बाल श्रम, सामाजिक सेवाहरू प्राप्त गर्ने अधिकार, नि:शुल्क र गुणस्तरीय शिक्षा पाउने अधिकार जस्ता विषयमा थप अध्ययन, अभिलेखन र अनुगमन गर्न आवश्यक छ।

**राजेन्द्रविक्रम शाह**
संयोजक, मानव अधिकार रक्षक सञ्जाल जाजरकोट

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको अवस्था चित्रण गरेको हुन्छ। त्यो क्रममा उसले प्रत्येक जिल्लामा आफ्ना संयन्त्रमार्फत घटनास्थलमा आफै उपस्थित भएर विभिन्न सरोकारवालासँग अन्तरक्रिया गरेर तथ्यमा आधारित घटना राख्ने भएकाले हामीले यसलाई आधिकारिक स्रोतका रूपमा लिने गरेका छौँ।

**शम्भुप्रसाद रेग्मी**
प्रमुख जिल्ला अधिकारी, सल्यान

वर्ष पुस्तकमा आमा बुवाको सम्बन्धविच्छेद पश्चात उनीहरूका छोराछोरीको अवस्था कस्तो छ ? बालअधिकारको संरक्षण भएको छ कि छैन्, उनीहरूको अवस्था के छ ? यस्ता विषयमा खोजमूलक सामग्री प्रकाशन गर्न जरुरी छ। यस्ता तथ्याङ्क तथा विवरणले राज्यको नीति निर्माणमा सहयोग पुग्छ।

**नारायणप्रसाद चापागाई**
स्रेस्तेदार, जिल्ला अदालत, सल्यान

मानव अधिकार अवस्थाको बारेमा राज्यका सरोकारवाला निकायहरूलाई झकझक्याउने कार्य

पुस्तकले गरेको छ। प्रविधिको विकासले क्षणभरमै संसारभर भएका मानव अधिकार उल्लङ्घनका घटनाका बारेमा हामी जानकार हुन सक्छौँ। तर, कर्णाली प्रदेशको विकट भौगोलिक अवस्थितिका कारण मानव अधिकारसँग सम्बन्धित कतिपय घटना बाहिर नआउन सक्छन्। कर्णाली प्रदेशको मानव अधिकारको अवस्थाका बारेमा वर्ष पुस्तक २०२३ ले औँल्याएका विषयहरूले के कति सार्थकता पायो, आशातित कामहरू के कति को कसबाट हुनपर्ने थियो हुन सके सकेनन् ? सोसमेत समावेश गरेर वर्ष पुस्तक २०२४ प्रकाशन हुनेछ भन्ने अपेक्षा गरेको छु।

**कृष्णलाल भट्टराई**

वरिष्ठतम् न्यायाधीश, उच्च अदालत सुर्खेत

नेपाल मानव अधिकार वर्ष पुस्तकले आम नागरिकहरूको मानव अधिकार संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याएको मैले विश्वास गरेको छु। यस पुस्तकमा प्रकाशन हुने विवरणले मुलुकमा मानव अधिकारको अवस्था झल्काउने गरेको छ।

**लोकनाथ बास्तोला**

प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग, कर्णाली प्रदेश

इन्सेकले मानव अधिकार उल्लङ्घनका घटना उजागार गर्नुका साथसाथै समाजमा हुने मानव अधिकार उल्लङ्घनका घटना बढनुका कारण पत्ता लगाइ पुस्तकमा समावेश गर्नुपर्दछ। पुस्तकमा समेटिएका घटनाको सुक्ष्म अध्ययन गरी के कारणले घटना भएको हो ? घटना न्यूनीकरणका लागि सरोकारवाला निकायको भूमिका के हुनुपर्छ ? ती विषयमा गहन अध्ययन गरी पुस्तकले समेटनु पर्दछ।

**भीम ढकाल**

डिआइजी, कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत

पछिल्लो समय साइबर अपराध र महिलामाथि हुने घरेलु हिंसाका घटना बढीमात्रामा बाहिर आउने गरेका छन्। यस्ता घटनाका दोषीलाई कानुनी दायरामा ल्याउन प्रशासनले कुनै कसर बाँकी राखेको छैन। यद्यपि विकट गाउँ बस्तीमा अझै पनि चेतनाको अभाव छ। कानुनी ज्ञानको अवस्था पनि त्यस्तै छ। नागरिकलाई सचेतना जगाउन सरकारी तथा गैरसरकारी निकायबाट भएका असल अभ्यासलाई पुस्तकमा समावेश गरिनुपर्दछ।

**शंकरहरि आचार्य**

प्रमुख जिल्ला अधिकारी, सुर्खेत

नेपाल मानव अधिकार वर्ष पुस्तक उपयोगी छ। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको दस्तावेजीकरण तथा त्यसको अन्त्यका लागि राज्यले गर्नुपर्ने कार्य इन्सेकले गर्दै आएको छ। नेपाल मानव अधिकार वर्ष पुस्तकमा समेटिएका घटनाहरूले राज्यलाई मानव अधिकारको संरक्षण तथा संवर्द्धनमा थप सहयोग पुऱ्याउँछ।

**ललित सिंह**

सचिव, नेपाल पत्रकार महासङ्घ, शाखा कार्यालय, बझाङ

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनासहित आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारको अवस्थालाई समेत समेटेर प्रकाशन हुने भएकाले नेपाल मानव अधिकार वर्ष पुस्तक स्थानीय तहलाई समेत स्रोत सामग्री हुने विश्वास लिएको छु। यस प्रकाशनले राज्यका निकायलाई थप जिम्मेबार बनाउन मद्दत गरेको छ।

**नरबहादुर बोहरा**

प्रमुख, जिल्ला समन्वय समिति, बझाङ

मानव अधिकारको क्षेत्रमा इन्सेकको महत्वपूर्ण भूमिका छ। हरेक वर्ष प्रकाशन हुने मानव अधिकार वर्ष पुस्तक हाम्रो समाजको मानव अधिकार अवस्थाको चित्रण पनि हो। जनताको मानव अधिकार र पीडितको न्यायका लागि तथा सत्यतथ्य उजागर गर्न मानव अधिकार वर्ष पुस्तकले योगदान गर्ने अपेक्षा गर्दछु।

**मोहन दौल्याल**

अध्यक्ष, नेपाल बार एसोशियसन, बझाङ

इन्सेक स्थापनापश्चात महिला, बालबालिका, पछाडि पारिएको वर्गका पक्षमा गरेको काम र अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना तथा आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारका सवालहरूलाई समेटेर प्रकाशन गरिँदै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक पीडितको न्यायका लागि सहयोग पुस्तकका रूपमा रहेको छ। वर्ष पुस्तक मानव अधिकार अवस्थाको दस्तावेज पनि हो।

**नन्दा थापा,**

उपप्रमुख, बडिमालिका नगरपालिका, बाजुरा

मानव अधिकारको विषय एक संवेदनशील विषय र क्षेत्र हो। मानव अधिकारको संरक्षण, संवर्द्धन र परिपूर्ति गर्ने राज्यको प्रमुख दायित्व हो। इन्सेकले मानव अधिकारको क्षेत्रमा गरिरहको कामले राज्यलाई

नेपाल मानव अधिकार वर्ष पुस्तक अध्ययन गर्दा मुलुकको मानव अधिकारको अवस्थाबारे जानकारी प्राप्त हुन्छ। इन्सेकले वर्ष पुस्तक प्रकाशन मार्फत वर्षभरिका मानव अधिकार उल्लङ्घनका घटना प्रकाशनमा ल्याएर अत्यन्त महत्वपूर्ण कार्य गरेको छ।

**हिक्मतबहादुर सिंह**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ शाखा, डडेल्धुरा

नेपाल मानव अधिकार वर्ष पुस्तकमा नेपालको समग्र मानव अधिकारको अवस्था तथा वियषबस्तुहरूलाई मिहीन ढङ्गले उठान गरिएको छ। मानव अधिकारको क्षेत्र फराकिलो भए पनि यसले जिल्लाका आर्थिक, सामाजिक, राजनीतिक, महिला तथा बालबालिकासम्बन्धी सवालहरूलाई उठान गरेको पाइन्छ। मानव अधिकारको संरक्षण तथा मानव अधिकारका सवालहरूलाई सम्बोधन गर्नुपर्ने विषयमा राज्यको ध्यानाकर्षण गराउने काम वर्ष पुस्तकले गरेको छ।

**महादेव बडु (कस्यप)**
प्रमुख, जिल्ला समन्वय समिति, दार्चुला

मानव अधिकारका सवालमा इन्सेकले निरन्तर रूपमा सरोकारवाला पक्षहरूलाई खबरदारी गर्दै आएको छ। नेपाल मानव अधिकार वर्ष पुस्तक एक महत्वपूर्ण दस्तावेज हो। हरेक वर्ष प्रकाशन भएका नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालको मानव अधिकारको यथार्थ अवस्थालाई झल्काउने काम गरेको छ। इन्सेकले समयसापेक्ष मानव अधिकारका विषयवस्तुलाई नियमित रूपमा प्रकाशन गरी राज्यलाई जिम्मेवार बनाउने कार्य सराहनीय छ।

**कृष्णसिंह धामी**
अध्यक्ष,नेपाल पत्रकार महासङ्घ, दार्चुला शाखा

राज्यले दस्तावेजीकरण गर्न नसेकेका कामलाई इन्सेकले हरेक वर्ष नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको दस्तावेजीकरण गरी राज्यलाई जिम्मेवार बनाउने काम गरेको छ।

**हरिशचन्द्र जोशी**
अधिवक्ता नेपाल बार एशोसियशन, दार्चुला

मानव अधिकार संरक्षणको मुख्य दायित्व राज्यको भएकाले मानव अधिकारको संरक्षण र संवर्द्धनको लागि नेपाल प्रहरीले सचेतनाका कार्यक्रम सञ्चालन गर्दै आएको छ। नेपाल मानव अधिकार वर्ष थप जिम्मेवार बनाउने कार्य भइरहेकोले यस कार्यको प्रशंसा गर्न चाहन्छु।

**भीमकान्त पौडेल**
प्रमुख जिल्ला अधिकारी, बाजुरा

नेपाल मानव अधिकर वर्ष पुस्तक हाम्रा लागि पनि उपयोगी सिद्ध भएको छ। इन्सेकले मानव अधिकारको क्षेत्रमा गर्दै आएको काम प्रशंसनीय तथा सराहनीय छ। नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घन तथा ज्यादतीको दस्तावेज मात्रै नभई यस कार्यले राज्यलाई जबाफदेही बनाएको देख्दा खुशी लाग्छ।

**कवीन्द्र बोहोरा**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, बाजुरा

नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालको समग्र मानव अधिकार अवस्थालाई प्रतिनिधित्व गरेको छ। यो पुस्तक मानव अधिकारको महत्वपूर्ण दस्ताबेज हो। राज्यसँग इच्छाशक्ति भएको खण्डमा यसै पुस्तकमा समावेश भएका सवाल र अवस्था अनुसार मानव अधिकार योजना तथा कार्यक्रमहरू निर्माण गरी मानव अधिकारका क्षेत्रमा सुधार हुने देखिन्छ। इन्सेकले सङ्कलन गर्ने मानव अधिकार तथा ज्यादतीका घटनाहरूले पीडितलाई दण्डित र पीडकलाई न्यायका लागि लड्न धेरै राम्रो सहयोग पुगेको छ।

**काशी विक**
दलित अधिकारकर्मी, बाजुरा

नेपाल मानव अधिकार वर्ष पुस्तक एक महत्वपूर्ण दस्तावेजका रूपमा स्थापित छ। यस पुस्तकले मानव अधिकारका सवाललाई उजागर गर्न र नागरिकका अधिकारहरूको प्रत्याभूति गराउन राज्यलाई जिम्मेवार तथा जवाफदेही बनाउन मद्दत गरको छ।

**गगनसिंह भण्डारी**
प्रमुख, जिल्ला समन्वय समिति, डडेल्धुरा

प्रत्येक जिल्लामा मानव अधिकारको अवस्थाबारे जानकारी पाउन नेपाल मानव अधिकार वर्ष उपयोगी रहँदै आएको छ। यस पुस्तकबाट समग्र मानव अधिकारको अवस्थाको तथ्य-तथ्याङ्क तथा जानकारी प्राप्त हुने गरको छ। यस पुस्तकको अध्ययनबाट हरेक तह र तप्कामा हुने मानव अधिकार उल्लङ्घनलाई कसरी न्यूनीकरण गर्ने भन्ने सचेतना फैलाउन मद्दत पुग्छ।

**अञ्जनकुमार न्यौपाने**
प्रमुख जिल्ला अधिकारी, डडेल्धुरा

पुस्तक प्रकाशनमा नेपाल प्रहरीले पनि सहयोग रहेको छ। मानव अधिकार वर्ष पुस्तकले समाजमा विभिन्न किसिमले हुने गरेका मानव अधिकार उल्लङ्घनका घटनाहरू समेट्ने गरेको पाइन्छ। नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनले पीडितहरूको न्यायमा पहुँच पुऱ्याउन मद्दत गरेको छ। इन्सेकले मानव अधिकारको संवर्द्धनका क्षेत्रमा गरेको योगदानका लागि इन्सेक परिवारलाई धन्यवाद दिन चाहन्छु।

**विष्णुहरि कोइराला**
एसपी, जिल्ला प्रहरी कार्यालय, डोटी

मानव अधिकार वर्ष पुस्तकले देशको मानव अधिकार अवस्थाका बारेमा जान्न मद्दत पुऱ्याएको छ। वर्ष पुस्तकमा दुर्गम र पिछडिएको क्षेत्रका अति विपन्न परिवारको आर्थिक सामाजिक तथा सांस्कृतिक अवस्था समेत समावेश भएमा झनै राम्रो हुन्थ्यो।

**गोविन्दबहादुर चन्द**
जिल्ला सरकारी वकिल, जिल्ला अदालत, डोटी

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको संरक्षण र प्रवर्धनका लागि उपयोगी रहेको महसुस भएको छ। पुस्तकले मानव अधिकार उल्लङ्घनकर्तालाई आत्मसमीक्षा गर्न बाध्य बनाएको छ। मानिसको नैसर्गिक अधिकारको रूपमा रहेको मानव अधिकारको संरक्षण सम्बोधन गर्नु राज्यको दायित्व हो। मानव अधिकार उल्लङ्घनका घटना, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयहरूको खोज र अनुसन्धान गरी तथ्याङ्कसहित वर्ष पुस्तकमा समावेश गरिएकोले यो पुस्तक तथ्यपरक छ।

**गोपालप्रसाद अर्याल**
प्रमुख जिल्ला अधिकारी, डोटी

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अभिलेख राखेको छ। मानव अधिकारको अवस्थाका बारेमा जानकारी लिन वर्ष पुस्तक उपयोगी छ। वर्ष पुस्तकमा दुर्गम र पिछडिएको क्षेत्रका अति विपन्न परिवारको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था समेत समावेश भएमा अझै प्रभावकारी हुन्थ्यो।

**दीपक गिरी**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, बैतडी

मानव अधिकार वर्ष पुस्तकले मुलुकको मानव अधिकारको अवस्थालाई चित्रण गर्दछ। यो चित्रण यथार्थ र सुक्ष्मरूपमा गर्नु आवश्यक छ। मानव अधिकारको संरक्षण र प्रवर्द्धनबाट देशमा सुशासन हुने र सुशासनबाट नै देशमा समृद्धि प्राप्त हुन्छ। वर्ष पुस्तकमा मानव अधिकारसम्बन्धी तथ्य र तथ्याङ्कको प्रस्तुतिले मानव अधिकार संरक्षण एवम् प्रवर्धन गर्नुपर्ने कर्तव्य भएका अधिकारी र सरोकारवालालाई आफ्नो कार्यप्रति समीक्षा र मूल्याङ्कन गरी कर्तव्य निर्वाह गर्न क्रियाशील हुन दवाव सिर्जना गरेको छ। मौलिक अधिकार कार्यान्वयनको अवस्थाका बारेमा पनि वर्ष पुस्तकमा विशेष स्थान दिन आवश्यक छ।

**जयानन्द पनेरु**
न्यायाधीश, जिल्ला अदालत, बैतडी

मानव अधिकार अवस्थाको विश्लेषण गरी प्रकाशन हुने नेपाल मानव अधिकार वर्ष पुस्तकले राज्यलाई मानव अधिकार संरक्षणका क्षेत्रमा झकझक्याउने कार्य गरेको छ।

**सुरेश पन्थी**
प्रमुख जिल्ला अधिकारी,बैतडी

नेपाली जनताको मौलिक हक तथा मानव अधिकारका सवालहरू र मुक्त कमैया, दलित, महिला, बालबालिका, पिछडिएका र आर्थिक तथा सामाजिक रूपले विपन्न वर्गका आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारका सवालको अध्ययन, अनुसन्धान गरी तथ्यमा आधारित भई नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन हुँदै आएको छ।

**मानबहादुर विष्ट**
सेस्तेदार, जिल्ला अदालत, कैलाली

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको सुनिश्चितता प्रदान गर्न सबै पक्षबाट जिम्मेवारी बोध गराउन र अपराधजन्य घटनाहरू नियन्त्रण गरी घटनाका पीडित व्यक्तिलाई न्याय दिलाउन सहयोग पुग्छ।

**लक्ष्मीनारायण दाहाल**
जिल्ला न्यायधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, कैलाली

नेपाल मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकारका विभिन्न सवालहरू समावेश गरिएको छ। पीडित पक्षले न्याय नपाएसम्म यी विषहहरूलाई इन्सेकले अभिलेखीकरण तथा प्रकाशन गरी राज्यलाई दवाव दिइरहन आवश्यक छ।

**इन्द्रप्रसाद लेखक**
अध्यक्ष, जिल्ला अदालत बार एसोशियसन,कैलाली

नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालको समग्र मानव अधिकार अवस्थाको चित्रण गर्दै आएको छ। यो हाम्रो समाजको ऐन र महत्वपूर्ण दस्तावेज हो। नेपाल मानव अधिकार वर्ष पुस्तकले राज्यको दायित्व तथा जिम्मेवारीलाई सरल रूपमा प्रष्ट्याएको छ।

**शरदकुमार पोखरेल**
प्रमुख जिल्ला अधिकारी, अछाम

मानव अधिकारको रक्षाका लागि मानव अधिकार पुस्तकले महत्वपूर्ण भूमिका खेलेको छ। मानव अधिकार वर्ष पुस्तकमा घरेलु हिंसा, बलात्कार, बहुविवाह, सम्बन्धविच्छेदलगायतका घटना तथा आलेखहरू समेटिएकोले अध्ययनकर्ताहरूका लागि पनि यो पुस्तक उपयोगी छ।

**खड्क खड्का**
न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, अछाम

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार संरक्षण र संवर्द्धनका लागि सचेतना, जागरण र खबरदारीको काम गर्दै आइरहेको छ। नागरिकको मानव अधिकारको संरक्षण र संवर्द्धनमा वर्ष पुस्तकले थप योगदान पुऱ्याउने अपेक्षा गर्न सकिन्छ।

**दुर्गादत्त बोहरा**
प्रमुख, जिल्ला समन्वय समिति, कञ्चनपुर

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनासँगै समग्र मुलकको मानव अधिकारको अवस्थाको चित्रण गर्ने गरेको छ। वर्ष पुस्तकमा महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सीमान्तीकृत समुदायका सवालहरूलाई पनि खोजमूलक अध्ययन गरी तथ्यतथ्याङ्कसहित प्रकाशन हुने भएकोले यो पुस्तक स्रोतसामग्रीका रूपमा प्रयोग गर्नसमेत उपयोगी भएको छ।

**कृष्णदत्त जोशी**
अध्यक्ष, जिल्ला बार एशोसियसन, कञ्चनपुर

नेपाल मानव अधिकार वर्ष पुस्तक देशभरि हुने घटनाहरूको भरपर्दो अभिलेख तथा ऐतिहासिक दस्तावेज हो। अपराध अनुसन्धान, शान्ति सुरक्षा र मानव अधिकार रक्षाको लागि अहोरात्र खटिने नेपाल प्रहरीले इन्सेकसँग हातेमालो गर्दै मानव अधिकार अभियानमा सहकार्य गर्न पाइरहोस्।

**कमल थापा**
एसपी, जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर